प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**कोशी प्रदेश ओखलढुङ्गा,**

## कार्यक्षेत्रः ओखलढुङ्गा र सोलुखुम्बु

---

## सुचना न ०२/२०८०-८१

## सोलुखुम्बु जिल्लाको लागि अनुदान कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०३**

**प्रस्ताव दर्ता गर्ने अन्तिम मितिः २०८०/०७/०२**

यस विज्ञ केन्द्रको आ.व. २०८०/८१ को स्वीकृत बार्षिक लक्ष्य अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली र मापदण्ड २०७८ मा तोकिए बमोजिमको शर्तहरु पालना गर्ने गरि देहायका कार्यक्रम कार्यान्वयनका लागि **सोलुखुम्बु जिल्लाका** ईक्छुक कृषक, कृषक समुह/समिति/सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उधमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले **३० दिन भित्र कार्यालय समय** मा तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

थप जानकारीको लागि **भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रको ओअलढुङ्गाको फोन न. ०३७-५२०२१० वा धिरेन राई सुचना अधिकारी ९८५२८४४४०६ वा भिमलाल तामाङ्ग पशु विकास अधिकृत ०३७८५२०१०३** मा सम्पर्क गर्न हुन अथवा उद्योग कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश को वेवसाईट www.moiac.koshi..gov.np बाट **कृषि व्यवसाय प्रबर्द्धन अनुदान ऐन नियमावली तथा** मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

<u>विशेष अनुरोध</u>

- अनुदान संग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु सम्बन्धित स्थानीय तह तथा यस विज्ञ केन्द्रबाट उपलब्ध गराईनेछ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ओखलढुङ्गा को एकल खातामा जम्मा गरेको भौचर वा यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद काटिएको भौचर ।

आवेदन दर्ता हुने स्थान : **भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ओखलढुङ्गा सम्पर्क केन्द्र सोलुखुम्बु**

आवेदन दस्तुरः

कार्यालयको नाम : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगा

बैंक शाखा : राष्ट्रिय बाणिज्य बैंक ओखलढुंगा शाखा

राजस्व खाता न : १०००१००२०००१००००

कार्यालय कोड नं. : ३१२०२१००११ राजश्व शीर्षक न : १४२२९

दस्तुर : **व्यक्तिगतको हकमा रु १०० संस्थागत रु २००**

चालु आ व २०८०/८१ का **अनुदान कार्यक्रमहरुः**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिक्तम सांझेदारी रकम | प्रस्ताव पेश गर्न सकिने सांझेदार निकायहरु |
|---|---|---|---|---|---|
| १. | मासुपसल सुधार निर्माण | संख्या | २ | कुल लागतको ७५% वा बढिमा २ लाख प्रति इकाई | • नियमानुसार मासु पसल सँचालन गर्न ईक्छुक फर्म सस्था हुनु पर्नेछ । |
| २. | व्यावसायिक भैंसीपालन प्रवर्द्धन कार्यक्रम | संख्या | १ | कुल लागतको ७५% वा बढिमा २० लाख प्रति इकाई | • कम्तीमा ५० जना कृषक आबद्ध भई प्रति कृषक २ वट्टा भैसीपालन गरि दैनिक ५-१० लिटर दुध सँकलन गरेको हुनु पर्नेछ<br>• समुह समिति सहकारी/व्यवसायी फर्म मार्फत कार्यक्रम सँचालन गर्न सकिनेछ |
| ३. | डेरी पसल सुधार कार्यक्रम | संख्या | २ | कुल लागतको ७५% वा बढिमा २ लाख प्रति इकाई | कम्तीमा १०० लिटर वा हि बरारबरको दुध जन्य पदार्थहरु विक्रि वितरण गरि रहेको हुनु पर्नेछ । |

प्रदेश सरकार

उधोग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कोशी प्रदेश ओखलढुङ्गा,

कार्यक्षेत्रः ओखलढुङ्गा र सोलुखुम्बु

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिक्तम सांझेदारी रकम | प्रस्ताव पेश गर्न सकिने सांझेदार निकायहरु |
|---|---|---|---|---|---|
| ४. | युवा लक्षित पशु विकास कार्यक्रम | संख्या | ५ | कुल लागतको ७५% वा बढिमा १.५ लाख प्रति इकाई | स्वदेशमा नै पशुपालन व्यवसाय गर्न ईक्छुक युवायुवती हुनु पर्नेछ । |
| ५. | कृषि/पशु सहकारी संस्थाहरुसंगको सहार्यमा व्यवसायिक पशु पालन कार्यक्रम | संख्या | २ | कुल लागतको ७५% वा बढिमा २५ लाख प्रति इकाई | कृषि/पशु सहकारी सस्थामा आवद्ध कृषकहरु विगत देखि पशुपालन कार्य गरि रहेको र कम्तीमा २५ जना कृषक आवद्ध गराई पशुपालन कार्य गरि रहेको हुनु पर्नेछ । |
| ६. | मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम | सख्या | २ | कुल लागतको ७५% वा बढिमा ५ लाख प्रति इकाई | नेपाल सरकारले पालन प्रबिधिका लागि सिफारिस गरिएका माछाका भुराहरु (warm water, cool water, and ornamental species) उत्पादन गर्न चाहने फर्म समुह समिति वा सहकारिहरु हुनु पर्नेछ । |

प्रस्ताव दर्ता गर्दा आवश्यक पर्ने कागजातहरुः

| | |
|---|---|
| १. | रु १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र । |
| २. | आवेदन दस्तुर तिरेको रसीद |
| २. | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । |
| ३. | कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना। |
| ४. | कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।(धनी पुर्जा र मालपोत तिरेको रसिद ) |
| ५. | लिजमा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्ष अवधिको करारनामा वा सम्झौता पत्र । |
| ६. | प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था /फर्म/ व्यवासाय दर्ता /नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि । |
| ७. | कृषक समुह/समिति/सहकारीको हकमा कार्यसमितिको निर्णयको प्रतिलिपि । |
| ८. | स्थानिय तहको पशुपन्छी शाखाको सिफारिस पत्र |
| ९. | लागत साँझेदारीमा कार्यक्रम संचालन गर्ने प्रतिवद्धता पत्र |
| १०. | स्थानीय तहमा किसान सुचीकरण गरेको भएमा सोको प्रमाणपत्र। त्यस्ता प्रस्तावकलाई प्राथमिक्ता दिईनेछ । |

कार्यालय प्रमुख

(डा. सुशील कुमार अधिकारी )

फोन न ०३७५२०२१० र ०३७५२०५९८ सम्पर्क कार्यालय सोलुखुम्बु ०३८५२०१०३ Email: vhlsokhaldhunga@gmail.com